# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) धनगढी, नेपाल, असोज ३ गते, २०७८ साल (अतिरिक्ताङ्क ४(ग)


## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### बैद्यनाथ धाम पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७८

बैद्यनाथ धाम पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।



१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "बैद्यनाथ धाम पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७८" रहेको छ ।

(२) यो आदेश प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. बैद्यनाथ धाम पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७ को दफा १३ मा संशोधनः बैद्यनाथ धाम पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७ (यसपछि "मूल आदेश" भनिएको) को दफा १३ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ:-

"(६) समितिको खाता कार्यकारी अधिकृत र प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको लेखा सम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।"

३. मूल आदेशको दफा २१ मा संशोधनः मूल आदेशको दफा २१ को उपदफा (३) मा रहेका "तथा योजना" भन्ने शब्दहरू झिकिएका छन् ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः-२०७८।०६।०३

आज्ञाले,
यज्ञनाथ दाहाल
प्रदेश सरकारका सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५।-